# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक ३३४ काठमाडौं मंगलबार, २१ चैत २०७९ Prabhab National Daily Tuesday, 04 April 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# चुनावी दौडमा ६९ उम्मेदवार

**बारा-२**



उपेन्द्र यादव
जसपा/गठबन्धन

पुरुषोत्तम पौडेल
नेकपा एमाले

शिवचन्द्र कुशवाहा
जनमत पार्टी

रमेश खरेल
रास्वपा

**चितवन-२**



जीतनारायण श्रेष्ठ
कांग्रेस/गठबन्धन

रामप्रसाद न्यौपाने
नेकपा एमाले

रवि लामिछाने
रास्वपा

**तनहुँ-१**



गोविन्द भट्टराई
कांग्रेस/गठबन्धन

सर्वेन्द्र खनाल
नेकपा एमाले

डा. स्वर्णिम वाग्ले
रास्वपा

■ **जेबी योञ्जन**

**काठमाडौं–** तीनवटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा हुन लागेको उपनिर्वाचनमा ६९ जनाले उम्मेदवारी दिएका छन् । उनीहरूले तनहुँ-१, चितवन-२ र बारा -२ का मुख्य निर्वाचन अधिकृतको कार्यालयहरूमा राजनीतिक दल र स्वतन्त्रबाट उम्मेदवारी दिएका हुन् । उम्मेदवारहरू केही नयाँ छन् । धेरैचाहिँ पुराना छन् ।

कतिपय उम्मेदवार भने गठबन्धनसहित निर्वाचन मैदानमा उत्रिएका छन् । अधिकांश भने एक्लाएक्लै प्रतिस्पर्धामा उत्रिए । उपनिर्वाचनमा उम्मेदवार भएकामध्ये 'हेभिवेट' नेता भनेको जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव हुन् । उनी गत ४ मंसिरमा भएको निर्वाचनमा सप्तरीमा जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतसँग पराजित भएका थिए ।

उनै यादवले पार्टी तत्कालीन संसदीय दलका नेता रामसहायप्रसाद यादवलाई उपराष्ट्रपति बनाएर आफ्ना लागि प्रतिनिधिसभा छिर्ने निर्वाचन क्षेत्रको रूपमा बारा-२ लाई बनाउन खोजेका हुन् । उनले सोमबार उम्मेदवारी दर्तापछि निर्वाचन जित्ने दाबी गरे ।

'गठबन्धनको म साझा उम्मेदवार हुँ । फेरि, यहाँ हाम्रै दलले पहिले पनि निर्वाचन जितेको हो । अब पनि जित्छौं,' यादवले उम्मेदवारी दर्तापछि भने । उनलाई सत्ता गठबन्धनका दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले समर्थन गरेका छन् ।

यादवलाई निर्वाचनमा टक्कर दिन जनमत पार्टीले शिवचन्द्र कुशवाहालाई उम्मेदवार बनाएको छ । कुशवाहा हालै नेकपा माओवादी केन्द्रबाट जनमत गएका नेता हुन् । गत ४ मंसिरमा भएको निर्वाचनमा उनी केही सय मतले मात्रै पराजित भएका थिए । निर्वाचन क्षेत्रमा उनको बलियो प्रभाव छ । उनले यसअघि नै प्रभावसँग भनिसकेका छन्, 'शतप्रतिशत चुनाव जित्छु ।'

● बारा-२ मा ३६ जना, चितवन-२ मा २४ र तनहुँ-१ मा ९ जना उम्मेदवार

● ६९ मध्ये ३६ जना स्वतन्त्र र ३३ जना दलका उम्मेदवार

नेकपा एमालेले बारा-२ मा पुरुषोत्तम पौडेललाई उम्मेदवार बनाएको छ । बाराका एमाले नेताहरूमध्येमा राम्रा छवि भएका नेतामा पौडेल गनिन्छन् । उनलाई यादव, खरेल र कुशवाहासँग निर्वाचनमा प्रतिस्पर्धा गर्न एमालेले उम्मेदवार बनाएको हो । उनले उम्मेदवारी दर्तापछि निर्वाचन जित्ने ठोकुवा गरे । 'यो निर्वाचन क्षेत्र २०४८ सालमा एमालेले जितेको क्षेत्र हो, ०५६ सालमा पार्टी फुट्दा पनि एमालेले जितेको क्षेत्र हो,' उनले भने, 'यस कारण मैले निर्वाचन जित्नेमा शंका नगर्नुहोला ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले त्यहाँ नेपाल प्रहरीका पूर्वप्रहरी नायव महानिरीक्षक (डिआइजी) रमेश खरेललाई उम्मेदवार बनाएको छ । खरेलले उम्मेदवारी दर्तापछि नागरिकलाई सुशासन, शिक्षा र सुरक्षाको प्रत्याभूति दिलाउन आफू उम्मेदवार बनेको बताए ।

'मधेसमा मात्रै हैन देशभर कुशासन छ, त्यति राम्रो शिक्षा छैन, मतदाताले राम्रो शिक्षा पाएका छैनन् । सुरक्षा छैन । म बारा क्षेत्र नं २ मा सुशासन, शिक्षा र सुरक्षाका लागि अहोरात्र खट्नेछु,' खरेलले भने ।

नेपाल प्रहरीमा छँदा उनले राम्रो छवि बनाएका थिए । त्यसकै बलमा नेपाल सुशासन पार्टी दर्ता गरेर उनी काठमाडौं-१ बाट चुनाव लडेका थिए । तर उनी ४ मंसिरको उक्त निर्वाचनमा पराजित भएका थिए ।

बारा-२ मा दलका १२ जना र स्वतन्त्र २४ जना गरी ३६ जना उम्मेदवार छन् । त्यसमध्ये दलकै तर्फबाट राप्रपाका सोनालालप्रसाद साह तेली, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का मुक्तिप्रसाद यादव, नेपाल संघीय समाजवादी पार्टीका नेजारुल अन्सारी, मंगोल नेसनल अर्गनाइजेसनका प्रमोदप्रसाद चमार, हाम्रो नेपाल पार्टीका चन्द्रप्रकाश सुवेदी, नागरिक उन्मुक्ति पार्टीका कमरुल्लाह अन्सारी, राप्रपा नेपालका मनिफ मियाँ अन्सारी र आम जनता पार्टीका अरुणप्रसाद ज्ञवाली उम्मेदवार छन् ।

यी उम्मेदवारहरूसँग विनोदकुमार कर्ण, धुपलाल हजारा, गिरजा कुमारी, उमाकुमारी कुशवाहा, सिगारी देवी, रीता देवी, दिनेशप्रसाद यादव, असर्फी राउत अहिर, बाबुराम प्रसाद, मुना मन्सुरी, जैसी राउत, धर्मवीरप्रसाद यादव, उमेशप्रसाद यादव, सुरेन्द्रकुमार सिंह, जितेन्द्रप्रसाद यादव, दुर्गाप्रसाद कोइरी, कुसेसवर साह बनिया, शम्भुप्रसाद साह तेली, राधिका न्यौपाने साह कलवर, रामबालक महरा चमार, सुरज साह तेली र वीरेन्द्र पण्डित स्वतन्त्र उम्मेदवार बनेर प्रतिस्पर्धामा उत्रिएका छन् ।

### रविलाई श्रेष्ठ र न्यौपानेको टक्कर

बागमती प्रदेशको चितवन-२ मा हुने उपनिर्वाचनमा चर्चित नेताहरूबीच प्रतिस्पर्धा हुने भएको छ । गत ४ मंसिरको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वीले भन्दा तेब्बर बढी मत पाएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पुनः उम्मेदवार भएका छन् । उनले उम्मेदवारी दर्तापछि भने, 'एकको बदला तीन ।' यसको मतलव आफ्नो एक सांसद पद खारेज हुँदाको बदला तीन सांसद पद जित्ने भनेका हुन् । उनले त्यस क्रममा पाँच वर्षपछि एकल रूपमा दुईतिहाइ बहुमत ल्याएर सरकार चलाउने दाबीसमेत गरे ।

२०५० सालमा जारी नागरिकतासम्बन्धी विवादमा सर्वोच्च अदालतबाट वैधानिकता नभएको ठहर गरेपछि उनले १३ माघमा सांसद पद गुमाएका थिए । सोही कारण चितवन-२ मा उपनिर्वाचन हुन लागेको हो ।

रविसँग निर्वाचनमा प्रतिस्पर्धा गर्न सत्ता गठबन्धनको दल नेपाली कांग्रेसबाट निवर्तमान (**बाँकी पृष्ठ २ मा**)

## उम्मेदवारविहीन चार दल

आगामी १० वैशाखमा हुने प्रतिनिधिसभा उपनिर्वाचनमा चार दल उम्मेदवारविहीन भएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको दल नेकपा माओवादी केन्द्रसँगै नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी र नेपाल समाजवादी पार्टी (नेसपा) उम्मेदवारविहीन बनेका हुन् । यी दलहरू सत्ता गठबन्धनमै आबद्ध छन् ।

बारा-२, चितवन-२ र तनहुँ-१ मा हुने उपनिर्वाचनमा यी दलहरूले गठबन्धन दलकै उम्मेदवारहरूलाई समर्थन गरेका छन् । बारा-२ मा जसपा अध्यक्ष उपेन्द्र यादव उम्मेदवार बन्दा चितवन-२ मा कांग्रेसका जीतनारायण श्रेष्ठ र तनहुँ-१ मा कांग्रेसकै नेता गोविन्द भट्टराई उम्मेदवार छन् । एमाले, रास्वपा, राप्रपा र नागरिक उन्मुक्ति पार्टीले तीनवटै निर्वाचन क्षेत्रमा उम्मेदवार खडा गरेका छन् । तर, जनमत पार्टी र राष्ट्रिय जनमोर्चाले भने केही निर्वाचन क्षेत्रमा मात्रै उम्मेदवार उठाएका हुन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# पुन:एकीकरण कार्यक्रमका लागि ८१ पालिकाको प्रस्ताव

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूलाई लक्षित गर्दै सञ्चालन गर्न लागिएको पुन:एकीकरण कार्यक्रमका लागि ८१ वटा स्थानीय तहले प्रस्ताव पेस गरेका छन् । वैदेशिक रोजगार बोर्डले स्वदेशमा नै रोजगारी तथा स्वरोजगारमा अभिप्रेरित गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम सञ्चालन गर्न माग गरेबमोजिम स्थानीय तहहरूले प्रस्ताव पेस गरेका हुन् ।

बोर्डले सुरक्षित आप्रवासन (सामी) परियोजना लागू गरिएका ३९ जिल्लाका ८१ पालिकामा पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । सामीले विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम सञ्चालन गर्दै आएको छ । परियोजना लागू भएका जिल्लाहरूमा यसै वर्षबाट पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग समन्वय र सहकार्यका लागि प्रस्ताव माग भएको बोर्डले उल्लेख गरेको छ ।

अहिले स्थानीय तहबाट प्राप्त प्रस्तावमाथि आवश्यक छलफल तथा परामर्श भइरहेको भन्दै बागमती प्रदेशका पालिकाबाट आएका २१ मध्ये १९ वटा प्रस्ताव पारित भई कार्यक्रम सञ्चालनका लागि सम्झौता भइसकेको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले जानकारी दिए । 'आएका सबै प्रस्तावमाथि छलफल गरी स्थानीय तहसँग सम्झौता गर्छौं,' उनले भने, 'अबको हप्ता १० दिनभित्र यी सबै काम सक्छौं र प्रभावकारी कार्यान्वयनका लागि समन्वय पनि गर्छौं ।'

विभिन्न पालिकाहरूले विदेशबाट फर्किएका युवाहरूको ज्ञान, सीपका आधारमा आवश्यकता अनुसार पुन:एकीकरण कार्यक्रम सञ्चालनका लागि योजनासहित प्रस्ताव आएको अन्तर्गत विभिन्न कार्यक्रम गर्ने योजनासहित प्रस्ताव पेस गरेको बोर्डले जनाएको छ । स्थानीय सामग्री उत्पादनदेखि लिएर आधुनिक कृषि प्रणालीको प्रयोगमार्फत उत्पादन बढाउने तालिम सञ्चालनका लागि प्रस्ताव परेका छन् । यस्तै सिलाइबुनाइ तथा डोकाडाला, मुढा बनाउने तालिम सञ्चालन गर्न सकिने स्थानीय तहले पेस गरेको प्रस्तावमा उल्लेख गरिएको छ । कतिपय प्रस्तावमा स्थानीय तहले सहकारी प्रवर्द्धनमार्फत विदेशबाट फर्किएकाहरूलाई अवसर दिनेसमेत बताएका छन् ।




बोर्डले सुरक्षित आप्रवासन (सामी) परियोजना लागू गरिएका ३९ जिल्लाका ८१ पालिकामा पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । परियोजना लागू भएका जिल्लाहरूमा यसै वर्षबाट पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग समन्वय र सहकार्यका लागि प्रस्ताव माग भएको बोडको भनाइ छ ।

'विभिन्न पालिकाले फरक-फरक प्रस्ताव ल्याउनुभएको छ,' बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले भने, 'उहाँहरूको प्रस्तावअनुसार कार्यक्रम सञ्चालनका लागि बोर्डले आवश्यक समन्वय र रकम विनियोजन गर्नेछ ।' वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सहभागी हुने यकीन संख्याका आधारमा कार्यक्रम सञ्चालनका लागि रकम उपलब्ध गराइने पौडेलले बताए । चालु आर्थिक वर्षमा पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न बोर्डले १५ करोड २५ लाख रूपैयाँ रकम विनियोजन गरिसकेको उनले जानकारी दिए ।

कार्यक्रम सञ्चालन गर्ने पालिकालाई लाभान्वित हुने एक जना बराबर ४३ हजार रूपैयाँका दरले कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराइने बोर्डले जनाएको छ । उल्लिखित बजेट विदेशबाट फर्किएका युवाहरूको सीप विकास तथा व्यवसाय प्रवर्द्धनका लागि खर्च हुने बताइएको छ । स्वरोजगार तथा उद्यमशिलता तालिमपछि कसैले व्यवसाय वा उद्यम सञ्चालन गर्न खोजेमा 'सिड मनी' (बिउ पुँजी) का रूपमा स्थानीय तहबाट एकजना बराबर ३५ हजार रूपैयाँ उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

पुन:एकीकरण कार्यक्रमले वैदेशिक रोजगारीबाट फर्किएर देशमै केही गर्छु भन्ने युवाहरूहरूलाई स्वरोजगार तथा उद्यमशिलताको अभ्यासका लागि मद्दत पुऱ्याउने बोर्डले विश्वास लिएको छ । साथै कार्यक्रमलाई सामाजिकीकरण, आर्थिक सशक्तीकरण र तालिमलाई आधार बनाए पनि स्वदेश फर्किएकाहरूको मनोपरामर्श सेवा, औषधि उपचार, सचेतना अभिबृद्धि, महिला श्रमिकका समस्या सम्बोधनमा समेत भुमिका खेल्न सक्ने बताइएको छ । यसका लागि सरकारले युवाहरूलाई देशभित्रै रोजगारी सिर्जना गर्न र आत्मनिर्भर बनाउन पुन:एकीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ नै जारी गरेको छ । निर्देशिकामा कार्यक्रम सञ्चालन गर्न वैदेशिक रोजगार कल्याणकारी कोषको रकम प्रयोग गर्नसक्ने उल्लेख भए पनि संघ, प्रदेश, स्थानीय तह र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालेसमेत पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्नसक्ने व्यवस्था गरिएको छ । सोही निर्देशिकाको अधीनमा रहेर स्थानीय तहले कार्यक्रम सञ्चालन गर्नुपर्ने र प्रभावकारी कार्यान्वयनका लागि निरन्तर नियमन हुने बोर्डले जनाएको छ ।

## मिटरब्याजपीडितको समस्या छानबिन गर्न आयोग गठन

**काठमाडौं (प्रस)–** सरकारले मिटरब्याजपीडितको समस्या समाधान गर्न छानबिन आयोग गठन गरेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले मिटरब्याजपीडितको समस्याबारे छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गर्ने निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

शनिबार गृह मन्त्रालयमा सरकार र आन्दोलनरत मिटरब्याजपीडित संघर्ष समितिबीच भएको पाँच बुँदे सहमतिमा मिटरब्याजपीडितको समस्या समाधानका लागि सरकारले आयोग गठन गर्ने सहमति भएको थियो । सरकारका प्रवक्ता शर्माले भनिन्, 'आजको मन्त्रिपरिषद्को मुख्य निर्णय देशमा देखिएको मिटरब्याजपीडितको समस्या समाधान गर्नेतर्फ केन्द्रित छ, त्यो विषयमा छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गर्ने निर्णय गरेको छ ।'

तीन सदस्यीय छानबिन आयोगको सदस्यमा उत्तमराज सुवेदी र गणेशबाबु अर्याल छन् । आयोगलाई तीन महिनाभित्र (**बाँकी पृष्ठ ५ मा**)

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । नेपाल आयल निगमले सोमबार डिजेल, मट्टीतेल र हवाई इन्धनको मूल्य लिटरमा १० रूपैयाँ तथा पेट्रोलको मूल्य लिटरमा तीन रूपैयाँले घटाउने निर्णय गरेको हो ।

निगमले सोमबार विज्ञप्ति जारी गरी मूल्य घटेसँगै पेट्रोलको बिक्री मूल्य प्रतिलिटर १७५ रूपैयाँ, डिजल र मट्टीतेलको बिक्री मूल्य प्रतिलिटर १६५ रूपैयाँ कायम भएको जनाएको छ । आन्तरिकतर्फ हवाई इन्धन प्रतिलिटर (**बाँकी पृष्ठ २ मा**)


## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CORONA BUSINESS PROJECTS SRL

पुर्व स्वीकृति मिति : २०७९/१२/२० LT. No. 283893 चलानी नं. ६०१९९३०४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | USD | ने.रु. | | | | | | | |
| 1 | Cook | 10 | 0 | 650 | ८५,३१० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook Helper | 10 | 0 | 550 | ७२,१८५ | | | | | | | |
| 3 | Waiter | 10 | 0 | 550 | ७२,१८५ | | | | | | | |
| 4 | Cleaner | 10 | 10 | 550 | ७२,१८५ | | | | | | | |
| 5 | Agriculture Worker | 30 | 0 | 550 | ७२,१८५ | | | | | | | |
| 6 | General Worker | 30 | 10 | 550 | ७२,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ वैशाख ५ गते (18th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ६०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Namo Buddha Recruitment Pvt. Ltd.

Govt. License 1370/74/75

samakhushi-26, Kathmandu, Nepal, Phone : + 977-1-4983168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com

## चुनावी दौडमा...

पृष्ठ १ बाट जारी




जिल्ला सभापति जीतनारायण श्रेष्ठले उम्मेदवारी दिएका छन् ।

निर्वाचनमा आफ्नो जित सुनिश्चित रहेको दाबी गरे । प्रतिस्पर्धी रविप्रति लक्षित गर्दै भने, 'चितवन पर्यटकीय नगरी हो । यहाँ एकपटक स्वागत गरिन्छ । स्वागत गरेको कुरालाई भ्रम सम्झेर जुन होटलमा बस्यो, त्यही होटल मेरो हो भन्न थाल्यो भने चितवनका जनताले फिर्ता पठाउन जानेका छन् ।'

श्रेष्ठले अघिल्लोपटक पनि उम्मेदवार हुन चाहेका थिए । तर, त्यसबेला तत्कालीन प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले पाए । उनी भने रविसँग पराजित भए । यसपटक भने जीतनारायण रविका प्रतिस्पर्धी बनेका हुन् ।

नेकपा एमालेले चितवनका जिल्ला अध्यक्ष रामप्रसाद न्यौपानेलाई उम्मेदवार बनाएको छ । उनले पनि निर्वाचन जित्ने दाबी गरे ।

यी नेताहहरूसँगको चुनावी प्रतिस्पर्धामा राप्रपाका जीवलाल पुरी, राष्ट्रिय जनमोर्चाका जनकराज शर्मा, नेमकिपाका ज्ञानेन्द्र प्रजा, राष्ट्रिय जनमुक्ति पार्टीका महानन्द जैशी, मंगोल नेसनल अर्गनाइजेसनका टेकबहादुर तामाङ, राष्ट्रिय मुक्ति आन्दोलन नेपालका छत्रकुमार पाखिन, राष्ट्रिय नागरिक पार्टीका योगलाल श्रेष्ठ, नागरिक उन्मुक्ति पार्टीका राजेश अधिकारी र जय जन्मभूमि पार्टी नेपालका प्रेमबहादुर खड्का पनि छन् ।

स्वतन्त्रबाट ताराप्रसाद पौडेल, सुदर्शन कँडेल, सुवास परियार, मोजराज बगाले, भाष्करचन्द्र न्यौपाने, चक्रपानी न्यौपाने, रामकृष्ण ओझा, अम्बिका भट्ट, लक्ष्मीमाया कोइराला बुढाथोकी, सुमन श्रेष्ठ, विक्रम श्रेष्ठ र सन्तोष थापा उम्मेदवार छन् ।

### भट्टराई, खनाल र वाग्लेबीच प्रतिस्पर्धा

उता गण्डकी प्रदेशको तनहुँ-१ मा ठूला दलका नयाँ उम्मेदवारहरूबीच प्रतिस्पर्धा हुने देखिएको छ । त्यहाँ सत्ता गठबन्धन दलहरूको तर्फबाट कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले उम्मेदवारी दर्ता गरे । उनी कांग्रेसभित्र हालका राष्ट्रपति रामचन्द्र पौडेल, अर्का नेता गोविन्दराज जोशी र सांसद शंकर भण्डारीका कारण अवसर नपाएका नेता भनेर चिनिएका नेता हुन् ।

उनीसँग चुनावी प्रतिस्पर्धा गर्न एमालेले पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई उम्मेदवार बनाएको छ । खनाल काठमाडौं-६ मा यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका शिशिर खनालसँग पराजित भएका थिए । उनी २०७७ सालको वैशाखमा जसपाका तत्कालीन सांसद डा. सुरेन्द्र यादवलाई अपहरण गरेको भनिएको काण्डमा मुछिएका थिए ।

यी दुई नेतासँग प्रतिस्पर्धाका लागि राष्ट्रिय स्वतन्त्र पार्टीले अर्थविद् डा. स्वर्णिम वाग्लेलाई उम्मेदवार बनाएको छ । रविकै साथमा उभिएर वाग्लेले आगामी १० वैशाखमा हुने उपनिर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका हुन् । वाग्लेले भने, '१० वैशाख नयाँ युग आह्वान गर्ने दिन हो ।' राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका वाग्ले हालै कांग्रेस परित्याग गरी रास्वपा गएका हुन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय तनहुँले जनाएअनुसार राप्रपाकी शोभा गुरुङ, नेमकिपाका रामप्रसाद प्रजापति, राष्ट्रिय जनमुक्तिका पूर्णबहादुर राना, मंगोल नेसनल अर्गनाइजेसनका प्रेमबहादुर थापा, नागरिक उन्मुक्तिका भीमबहादुर सुनार र नेपाल कम्युनिस्ट पार्टी (समाजवादी) का गणेश श्रेष्ठ उम्मेदवार छन् । यहाँ भने स्वतन्त्र उम्मेदवार छैनन् ।

## पेट्रोलियम पदार्थको...

पृष्ठ १ बाट जारी

१६० रूपैयाँमा बिक्री हुनेछ ।

भारतीय आयल कर्पोरेसनबाट मूल्य घटेर आएसँगै सोमबार बसेको निगम सञ्चालक समिति बैठकले इन्धनको मूल्य घटाउने निर्णय गरेको हो । 'निगमले सरकारको ऋण र इण्डियन आयल कर्पोरेसन लिमिटेडलाई हाल तिर्नुपर्ने बक्यौता रकम करिब १४ अर्ब रूपैयाँ बाँकी रहेको अवस्थासमेतमा आमउपभोक्तालाई सहज एवं सरल ढंगबाट पेट्रोलियम पदार्थ बिक्री वितरण गर्ने व्यवस्था मिलाउँदै आइरहेको छ,' विज्ञप्तिमा भनिएको छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१२/२१

यस कम्पनीको मिति २०७९/१२/१३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अमरुज ईन्टरप्राइजेज प्रा.लि. (प्रा.लि. नं. ३०७६७७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **उझान ईन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/१२/२१

यस कम्पनीको मिति २०७३/१२/२१ मा सम्पन्न एकल शेयरधनीको विशेष निर्णय बमोजिम साविक कम्पनी **चार्टर्ड डेण्टल हस्पिटल प्रा.लि. (प्रा.लि. नं. ९७५१४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७३/१२/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **जनसेवा डेण्टल होम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### रिलायान्स फाईनान्स लिमिटेडको बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०७९/१२/२१)

स्याङजा जिल्ला कृष्णगण्डकी वडा नं. ७ घर भई हाल रुपन्देही जिल्ला तिलोत्तमा वडा नं. ५ बस्ने चित्र विर परियारको नाती ओम बहादुर दमाईको छोरा ऐना सिह दमाईको मिति २०७७/०७/०५ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. २०२२१०००००००९८ र १०१२१०००००१०८ बन्द गरी उक्त बचत खातामा रहेको रकम पाउं भनी मृतककी श्रीमती सिता दमाईले निबेदन दिनु भएको हुदां उक्त बचत खातामा रहेको निक्षेप उपर निज बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: 01-5361104, 5323117 , 5361041, 5361167
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

### काठ /दाउरा लिलाम सुचना रद्द भएको बारे

**सूचना प्रकाशित मिति २०७९/१२/२१ गते**

यही मिति २०७९/१२/१४ गते यस श्री वनटोल महिला सा.व.उ.स. चन्द्रपुर -२, रौतहटको काठ दाउरा लिलाम विक्रीको सूचनामा समुहको नाममा वनटोल सा.व.उ.स.मात्रै भएको र महिला छुटेको तथा यस समुहका विभिन्न समुदाय भित्र मतभेद (विवाद ) भएकाले हाललाई यो सूचना स्थगन (स्थगित) गरीएको छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ । साथै सूचनापाटीमा टाँस गरिएको छ ।

-श्री वनटोल महिला सा.व.उ.स.
चन्द्रपुर -२, रौतहट

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१२/२१**

श्री ठुलोडाँडा सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-७, सुर्खेतको सामुदायिक वन बाट २०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको बी ग्रेड साल जातको गोलीया काठ १८ थानको २३८.९६ क्यूफिट गरी साल जातको कुल १८ थानको २३८.९६ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री ठुलोडाँडा सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-७, सुर्खेत डिभिजन वन कार्यालय भेरी बावियाचौर, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री ठुलोडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-७, सुर्खेत**


## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEMON BUILDING CLEANING & GENERAL MAINTENANCE - BRANCH 1

पुर्व स्वीकृति मिति २०७९/०६/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२० LT. No. 272653 चलानी नं. ६०१८८३१६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Female Cleaner | 0 | 30 | 900 | ३१,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**
श्रम ईजाजत नं. ५०२/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोनः ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५


## For Ganapati Itta Udyog Pvt. Ltd. Company

Ganapati Itta Udyog Pvt. Ltd registered in Company Registrar Office in Nepal, has been working for the physical infrastructure industry. The company has already obtained Industry Registration. The Company is looking for competent and more than 2 (two) years experienced candidates for the following position. The Nepalese Candidates are highly encouraged & appreciated in the process of selection. Preference should be given to those candidates who are from the project area.

The candidate must be willing to work in a project site located in Nawalparasi (Susta Paschim)District, Bardaghat municipality ward no. 13, Majhauni. Interested and deserving candidates are informed to send their bio-data within 7 days in following Email IDs from the publication of this Notice. Shortlisted candidates will be called for an interview. Remuneration will be given as per the company's Rule.

Email ID: magarsunil135@gmail.com
Head Office: Bardaghat-13, Majhauni, Nawalparasi (Susta Paschim)
Telephone: 9844920561

| S.No. | Position | Number | Experience |
|---|---|---|---|
| 1. | Fireman | 1 | 2 years related working experiece and enough skill to work. |
| 2. | Machine Operator | 1 | 2 years related working experiece and enough skill to work. |

Type: Contract Contract Period: One Year

**Ganapati Itta Udyog Pvt. Ltd.**
Bardaghat-13, Majhauni, Nawalparasi (Susta Paschim)


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE ARCH HOTEL W L L

पुर्व स्वीकृति मिति २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/२० LT. No. 265582 चलानी नं ६०१८१६२९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BD | ने.रू. | | | | | | | |
| 1 | Kitchen Staff/Stewarding | 4 | 0 | 150 | ५२,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com


# Binayi Tribeni Rural Municipality

## Office of Rural Municipal Executive

## Nawalparasi (East of Bardghat Susta), Dumkibas

## Gandaki Province, Nepal

# INVITATION FOR ONLINE BIDS

**Date of publication: 2079/12/21, (4rd, Apr, 2023)**

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following goods under Seal Quotation Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submission | Bid Valid Period | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 28/BTRM/SQ/ Goods/2079-080 | Procurement of Laptop | 1728900.00 | 50000.00 | 1000 | 2080/01/06 (19th, Apr, 2023) Before 12:00 | 75 Days | 2080/01/06 (19th, Apr, 2023) Before 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# 'प्रहरी संगठनलाई गौरव गर्नलायक बनाउनुपर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल प्रहरीलाई गौरव गर्नलायक संगठनका रूपमा स्थापित गर्न जरूरी रहेको बताएका छन् । सोमबार प्रहरी प्रधान कार्यालयको अनुगमन गर्ने क्रममा उनले सो कुरा बताएका हुन् । गैरकानुनी क्रियाकलाप रोक्न प्रहरी सक्षम हुनुपर्ने उनको भनाइ छ ।

नेपाली जनताले नेपाल प्रहरीलाई नयाँ रूपमा देख्न पाउनुपर्नेमा उनले जोड दिए । उनले नयाँ नीति योजना आचरण र संस्कृति निर्माण गर्नुपर्ने बताए । 'हाम्रो पद भनेको जिम्मेवारी हो । हामी हाकिम बन्ने होइन,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'गरिब असहाय र पीडित मान्छे प्रहरी कार्यालयमा जान्छ । उनीहरूका मुद्दा प्रहरीले सुनिदिनुपर्छ । वास्तविक जनताका मुद्दाहरू प्रहरीले सुनिदिनुपर्छ ।'

उनले शासकीय अहंकार लिएर लाभ र सुविधाकेन्द्रित बनाउनेतर्फ नलाग्न निर्देशनसमेत दिए । सबैले राष्ट्र र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा उनले जोड दिए । 'प्रहरी संगठनले जति काम गर्न सक्यो त्यति यो परिवर्तन जनतासँग पुग्छ । त्यति नै यो परिवर्तनको रक्षा हुन सक्छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'प्रहरी संगठनको कामबाट नै जनतामा सरकार हाम्रो पोल्टामा आइपुग्यो भन्ने स्थापित गर्न सक्नुपर्छ ।'

कार्यक्रममा प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले उपप्रधानमन्त्री श्रेष्ठको नेतृत्वमा प्रहरीको वृत्तिविकासमा प्रभावकारी कदम चालिनेमा आफू आशावादी रहेको बताए । संगठनको शुद्धीकरण सुदृढीकरणका लागि आन्तरिक सुदृढीकरण आवश्यक रहेको कुँवरको भनाइ थियो । उनले त्यसका लागि आफू दृढताका साथ लागेको उल्लेख गरे । उपप्रधानमन्त्री श्रेष्ठले पोलिग्राफ सेक्सन, डाटा सेन्टर, डिजिटल फरेन्सिक ल्याबलगायतको अनुगमन गरेका थिए ।

# सगरमाथा सफा गर्ने सेनाको टोली नाम्चेमा

**काठमाडौं (प्रस)–** 'सफा हिमाल अभियान-२०२३' अन्तर्गत सगरमाथा र ल्होत्से हिमाल सफाइका लागि हिँडेको नेपाली सेनाको टोली सोलुखुम्बुको नाम्चे पुगेको छ । प्रमुख सेनानी किशोर अधिकारीको नेतृत्वमा १६ जनाको टोली सोमबार नाम्चे पुगेको सेनाले जानकारी दिएको छ ।

उक्त टोलीले सगरमाथा तथा ल्होत्से हिमालको सफाइ कार्यलाई थप प्रभावकारी बनाउन स्थानीय जनसमुदायसंग अन्तर्क्रिया गरी करिब सात दिनको पदयात्रापश्चात् सगरमाथा आधार शिविर पुग्ने योजना रहेको छ । पदयात्राको क्रममा स्थानीय बासिन्दाहरूमा सचेतना जगाउन एवं अभियानको प्रचारप्रसारका लागि पदमार्गहरूमा सरसफाइसमेत गर्ने कार्यक्रम रहेको सेनाले जनाएको छ । यस अघि यही चैत १७ गते अन्नपूर्ण हिमाल सफाइको लागि सहसेनानी भीमबहादुर भुजेलको नेतृत्वमा १० जनाको टोली अन्नपूर्ण आधार शिविर पुगिसकेको छ । आधार शिविर जाने क्रममा उक्त टोलीलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले चैत १६ गते स्वागत गरेका थिए । आचार्यले महानगरपालिकाको लोगो अंकित झण्डा हस्तान्तरण गरेका थिए । अन्नपूर्ण हिमाल सफाइ अभियानमा पोखरा महानगरपालिकाकोसमेत सहकार्य रहेको छ ।

साथै, बरुञ्चेर हिमाल सफाइका लागि नेपाली सेनाको टोली यही चैत २३ गते आधार शिविरतर्फ प्रस्थान गर्ने योजना रहेको सेनाले जनाएको छ । यस वर्ष सफा हिमाल अभियानअन्तर्गत सगरमाथा, ल्होत्से, बरुञ्चे र अन्नपूर्ण हिमालबाट करिब ३५ टन फोहोर संकलन गर्ने लक्ष्य नेपाली सेनाले लिएको छ ।


## संस्थापक शेयर खरिद गर्न चाहनुहुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना

(प्रकाशित मितिः २०७९/१२/२१)

यस कम्पनीको संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर विक्रि गर्ने इच्छा जाहेर गरी यस कम्पनी समक्ष निवेदन दिनुभएकोमा उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई खरिद विक्रि गर्ने प्रकृया अघि वढाउने निर्णय भएकोले सो संस्थापक शेयर खरिद विक्रिमा साविकका संस्थापक शेयर धनीहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान व्यवस्था भएको हुँदा यस कम्पनीको सम्पूर्ण संस्थापक शेयर धनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अतः कुनै संस्थापक शेयरधनीलाई संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको प्रधान कार्यालय प्रदर्शनीमार्ग, काठमाडौंमा निवेदन दिनुहुन अनुरोध छ । सो समयभित्र प्राप्त निवेदनका आधारमा शेयर खरिद विक्रि प्रकृया अघि वढाइने व्यहोरा समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछौं ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
वित्तीय सेवाको अर्को परिभाषा



## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१२/२१

श्री बण्डाली सामुदायिक वन उपभोक्ता समूह चौकुने-६, ८ गुट्टु, सुर्खेतको सामुदायिक वन बाट २०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको ए ग्रेड साल जातको गोलिया काठ २१ थानको ३५६.२८ क्यूफिट, बी ग्रेड साल जातको गोलीया काठ ८५ थानको ७५३.१२ क्यूफिट, सी ग्रेड साल जातको गोलिया काठ थान २८ को १२९.८१ क्यूफिट गरी साल जातको कुल १३४ थानको १२३९.२१ क्यूफिट, ए ग्रेड असना जातको गोलिया काठ ३९ थानको ७९३.९८ क्यूफिट, बी ग्रेड असना जातको गोलिया काठ ६ थानको ५३.८५ क्यूफिट गरी असना जातको कुल ४५ थानको ८४७.८३ क्यूफिट, बी ग्रेड जामुन जातको गोलिया काठ ४ थानको ३३.५० क्यूफिट र मिश्रित जातको दाउरा १ चट्टा काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री बण्डाली सामुदायिक वन उपभोक्ता समूहको कार्यालय चौकुने-६, ८ गुट्टु, सुर्खेत डिभिजन वन कार्यालय भेरी बावियाचौर, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री बण्डाली सामुदायिक वन उपभोक्ता समूह**
**चौकुने गा.पा.-६, ८ गुट्टु, सुर्खेत**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH
पूर्व स्वीकृति मिति २०७८/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/२० | LT. No. 257819 | चलानी नं. ६०१९२४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 100 | 0 | 1000 | ३४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASTMONT SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१२/२० | LT. No. :283889 | चलानी नं.६०१९९३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Conduction Worker | 20 | 0 | 1500 | ४४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ROZA LEVANTO LLDYAFA W ALTANZEFAT
पूर्व स्वीकृति मिति २०७९/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/२० | LT. No. : 273812 | चलानी नं. ६०१८९३८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 6 | 1100 | ४०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 4 | 1500 | ५४,०६० | | | | | | | |

कम्पनी : LUSAIL INTERNATIONAL
पूर्व स्वीकृति मिति २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/२० | LT. No. : 280620 | चलानी नं. ६०१९६१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1400 | ५०,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician General | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,४२५ | | | | | | | |
| 4 | Plaster Worker | 5 | 0 | 1100 | ४०,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHAIRA GENERAL TRADING & CONTRACTING COMPANY/TOI BEAUTY LADIES BEAUTY SALON
पूर्व स्वीकृति मितिः २०७९/१२/२० | LT No. 283921 | चलानी नं. ६०१९९३१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 1 | 150 | ६४,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनूहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## जापानमा बैदेशिक रोजगारको अवसर

कम्पनिको नाम: Career Bank Vocational Training Association | ठेगाना: Hokkaido, Sapporo, Japan
पूर्व स्विकृती मिति : २०२३/०४/०३ | लट नं.: २८३८७८, | चलानी नं. ६०१९९३०९

| न. | कामदारको पद | माग संख्या | मासिक तलव Japanese | मासिक तलव Nepali | न्युनतम योग्यता | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dish Maker | 12 Female | 159,466/- YEN | 157,356/- NPR | 10 Pass, Japanese Language N4 Level | कम्पनी नियम अनुसार | ५ घण्टा ४० मि. | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | निःशुल्क | निःशुल्क | रू. ७००, कामदार आफै | निःशुल्क |

कम्पनिको नाम: Career Bank Vocational Training Association | ठेगाना: Hokkaido, Sapporo, Japan
पूर्व स्विकृती मिति : २०२३/०४/०३ | लट नं.: २८३८७९, | चलानी नं. ६०१९९३०१

| न. | कामदारको पद | माग संख्या | मासिक तलव Japanese | मासिक तलव Nepali | न्युनतम योग्यता | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacture Labour | 8 Female | 159,466/- YEN | 157,356/- NPR | 10 Pass, Japanese Language N4 Level | कम्पनी नियम अनुसार | ५ घण्टा ४० मि. | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | निःशुल्क | निःशुल्क | रू. ७००, कामदार आफै | निःशुल्क |

अन्तर्वार्ता कम्पनीको प्रतिनीधिबाट २०२३/०४/११ अर्थात २०७९/१२/२८ गते मंगलबार हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No.: 17/047/048
GOOD LIFE INTERNATIONAL
EMPLOYMENT AGENCY NEPAL PVT. LTD.
KATHMANDU-31, GYAWALI MARGA, OLD BANESHWOR, KATHMANDU, NEPAL , TEL: 01-5100669
MOB: 9816909265, 9808811102, 9823038508
E: info.goodlifenepal@gmail.com, W: www.goodlifenepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREMIUM FLAME SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/१२/१९ | LT. No. 283792 | चलानी नं. ६०१९९२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1500 | ४४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd.
Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAZA GENERAL MAINTENANCE
पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२० | LT No.277332 | चलानी नं.६०१९२८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fabricator | 5 | 0 | 1100 | ३९,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AJYAD AL MAMLAKAH CONT.EST
पूर्व स्वीकृति मिति २०७९/११/२३ | LT. No.282209 | चलानी नं. ६०१९९३१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2000 | ६९,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६२,९५५ | | | | | | | |
| 3 | Workshop Labour | 2 | 0 | 1000 | ३४,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Govt. License 387/059/060
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com



## कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANWAR BEAUTY SALON AND INSTITURE COMPANY FOR LADIES BEAUTY
पुर्व स्वीकृति मिति २०७९/०९/२१ | पुन स्वीकृति मिति २०७९/१२/२० | LT No :278800 | चलानी नं. ६०१९४४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 0 | 4 | 100 | ४२९२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 0 | 5 | 150 | ६४३८५ | | | | | | | |

कम्पनी : PRETTY HOMES KUWAIT CARPENTRY FACTORY
पुर्व स्वीकृति मिति २०७९/१२/२० | LT No : 283769 | चलानी नं. ६०१८९३११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 160 | ६८६७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PMW CONCRETE INDUSTRIES SDN. BHD.
पुर्व स्वीकृति मिति २०७९/१२/२० | LT No : 283917 | चलानी नं. ६०१८७२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 20 | 0 | 1500 | ४४७०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LMSAT DAFFODIL BEAUTY SALON FOR LADIES
पुर्व स्वीकृति मिति २०७९/११/१२ | पुन स्वीकृति मिति २०७९/१२/२० | LT No : 281789 | चलानी नं. ६०१९४४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 150 | ६४३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Lmakeup artist | 0 | 2 | 150 | ६४३८५ | | | | | | | |
| 3 | MANICURIST | 0 | 0 | 150 | ६४३८५ | | | | | | | |

कम्पनी : QISHA SPA LADIES BEAUTY SALON
पुर्व स्वीकृति मिति : २०७९/०९/०८ | पुन स्वीकृति मिति २०७९/१२/२० | LT. No. 278125 | चलानी नं.६०१९३७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hairdresser/manicurist/pedicurist/salon | 0 | 2 | 170 | ७३०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JK SECURITY SDN BHD
पुर्व स्वीकृति मिति २०७९/०८/१३ | LT No :276538 | चलानी नं. ६०१९२३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४४७०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### उपलब्धिविहीन १०० दिन

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट तेस्रो दलका रूपमा स्थापित भएको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले १०० दिन पूरा गरेको छ । 'हनिमुन पिरियड' का रूपमा चिनिने सरकारको यस अवधिमा उपलब्धिमूलक काम भने हुन सकेन । दाहाल नेतृत्वको सरकार निर्माणका लागि सुरुमा एमालेसमेतले गठबन्धनमा साथ दियो भने । हनिमुन मनाउन नपाउँदै सरकारमा एमाले अटेन र फेरि दाहाल कांग्रेसको साथबाट प्रधानमन्त्रीका रूपमा रही नै रहे । एकै प्रधानमन्त्रीलाई १०० दिनको अवधिमा दुई पटक विश्वासको मत लिनुपरेको यो सम्भवतः पहिलो घटना पनि हुन सक्छ ।

सरकारले मुलुक र जनताका लागि देखिने र दीर्घकालीन हुने कुनै पनि काम गर्न सकेन १०० दिनमा बाहिर चर्चा जति पनि गर्ने तर कार्यान्वयनको अवस्था भने शून्यमा देखिएको छ ।

सरकारका तर्फबाट प्रस्तुत १०० दिनको उपलब्धिलाई कागजको खोस्टोको रूपभन्दा बढी लिन सकिने अवस्था छैन । सरकारले राहदानी छिटो, छरितो बनाउनका लागि पहल गरेको भनिएता पनि नागरिकले त्यसका लागि अहिले पनि निकै नै सास्ती खेप्नुपरेको छ । राहदानीका लागि विनाबिचौलिया अझै पनि सहजरूपमा अनलाइन फाराम भर्नेदेखि फोटो खिचाउने काम गर्न सम्भव देखिएको छैन ।

राष्ट्रिय परिचयपत्रका नाममा जनतालाई कष्ट र दुख दिने अर्को सरकारको कामका रूपमा यो १०० दिनले चित्रण गरेको छ ।

व्यवसाय गर्न लिएको ऋण तिर्न नसक्दा प्रेम आचार्यले प्रधानमन्त्रीको छेवैमा आत्मदाह प्रयास मात्र गरेनन् उनको निधन नै भयो । बैंकहरूको चर्को ब्याजका कारण धेरै व्यवसायीहरू अहिले धरापमा देखिएका छन् । लघुवित्त संस्था तथा मिटरब्याजीहरूका कारण किसानहरूले सडक आन्दोलनका लागि राजधानी आउनुपर्ने अवस्था पनि यही सरकारको पालामा देखिएको छ ।

सरकारले ३७ बुँदे उपलब्धि सार्वजनिक जुन रूपमा गरेको छ । त्यसले समस्या समाधान गरेको होइन समस्यामाथि चर्चा गरेको मात्र देखिएको छ । महत्त्वपूर्ण कुरा के छ भने वर्तमान सरकारको १०० दिन गठबन्धन गरी सरकार टिकाउनका लागि दलहरूको दैलो चाहर्दा–चाहर्दै सकिएको छ ।

दाहाल सरकारको १०० दिनमा जनताले अनुभूति गर्ने एक काम पनि भएको देखिँदैन । तसर्थ, हनिमुन सम्पन्न गरेको दाहाल सरकारले जनतासँग प्रत्यक्ष जोडिने विषयहरूको नीति कार्यान्वयनतर्फ पाइला चाल्नुपर्ने देखिन्छ ।

## मनन्योग्य

### विदुर नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ कसूर ठहरिन्छ कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्न नै धर्म देवता हुन्, जसलाई यमराज पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ । ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन् । पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन् । काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्त कहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन् ।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन् । यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ । दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ । वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ । साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन् । यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ ।

# मुटुरोग उपचारको इतिहास र आधिकारिक दस्तावेज



▶▶ श्याम रिमाल


नेपालमा नयाँ-नयाँ प्रकाशन संस्था जन्मिर हेछन्, पुस्तकहरू विमोचन भइरहेका छन्, कतै घोस्ट राइटिङ त कतै अलेखक लेखक बन्ने प्रक्रिया जन्मँदै छ । कोही व्यस्तताबीच त कोही अवकाशपछि पुस्तक लेख्दै छन् । तिनलाई लेखाउन सम्पादकहरू पनि लागिपरेका छन् । अब बालककालदेखि नै कविता, कथा, निबन्ध

> आफूभन्दा १५-१६ वर्ष कनिष्ठ (जुनियर) व्यक्ति सचिव भएर आए तर आफू १७ वर्षसम्म सहसचिव पदमा रहँदा पनि बढुवा हुन नसक्नाको मानसिक पीडा मुटुरोगका वरिष्ठ विशेषज्ञ लेखकले भोग्नुपर्दा र सामान खरिदमा लिइने कमिसनको खेलबारे पढ्नुपर्दा नेपाल स्वास्थ्य क्षेत्र राजनीतिबाट कति प्रताडित रहेछ, छर्लंग हुन्छ । मुटुरोगीको पुनःस्थापनाका लागि काम गर्न सरकारले नीति नै बनाउनुपर्ने भनी लेखकले सम्बन्धित निकाय र चिकित्सकहरूको ध्यानाकर्षण गराएका छन् ।

लेख्नेहरू मात्र होइन, पूर्वराष्ट्रसेवक, पूर्वसेनापति, न्यायाधीश, राजदूत, स्वामी, धर्मगुरु, पत्रकार, व्यवसायी पनि पुस्तक लेखेर नाम कमाउँदै छन् । कोही पुरस्कार पनि जित्दै छन् ।

अति व्यस्त चिकित्सकहरू पनि पुस्तक लेखेर आफ्ना अनुभव बाँडिरहेका छन् । डा. राममान तृषित गीत लेखेर चर्चित भए । डा. भोला रिजाल साहित्यमा गीतकारका रूपमा बढी चिनिन्छन् भने डा. अरुण सायमि लेखक, उपन्यासकारका रूपमा । पछिल्लो समय वरिष्ठ मुटु सर्जन डा. रामेश कोइरालाले 'आमाको मुटु' तथा मुटुरोग विशेषज्ञ लोकविक्रम थापाले 'मुटुको ढुकढुकी', डा. भगवान् कोइरालाले 'हृदय' गैरआख्यानिक कृति लेखेपछि मुटु अझ समग्र चिकित्सा क्षेत्र नै साहित्यसँग जोडिन पुग्यो । मुटुकै चिकित्सक डा. ओममूर्ति पनि फेसबुकमा छाउँछन् र बिरामीका निकै प्रतिक्रिया पाउँछन् । कोरोना महामारीका बखत शेरबहादुर पुनले निकै लेखे । डा. पुष्कर बुढाथोकी र जीवन क्षेत्री पनि लेखिरहन्छन् । यसबाट बौद्धिक जगत् तथा सर्वसाधारणमा स्वास्थ्यसम्बन्धी जागरण धेरै बढेको छ । अरू चिकित्सकहरू पनि आ-आफ्ना अनुभव सामाजिक सञ्जाल वा पुस्तकबाट बाँड्न चाहिरहेका छन् ।

पछिल्लो समय वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अवनिभूषण उपाध्यायबाट लिखित कृति 'मुटुसँग सहयात्रा' (इदा उपाध्याय, २०७९) बजारमा आएपछि कृति, कृतिकार र मुटुरोगको चर्चा झन् बढ्दै छ । विद्यालयदेखि नै चित्रकारिता र साहित्य लेखनमा संलग्न डा. उपाध्यायले चिकित्सक साथीहरूसँग मिलेर अलि अगाडि पत्रिका पनि निकालेका थिए, जसमा उनी उपनामसमेत राखेर स्वास्थ्य क्षेत्रका विकृति उजागर गर्थे । पछिल्लो कृति भने उनले कोरोनाकालबाट उब्रेको समयको परिणाम हो । आफूले गरेको काम तथा नेपालमा मुटुसम्बधी रोगको उपचारको सुरुआत, यसका कठिनाइ आदिबारे




दस्तावेज तयारीस्वरूप प्रस्तुत कृति जन्म्यो ।

कृतिले नेपालमा मुटुरोग उपचार कसरी सुरु भयो र अहिले कुन अवस्थामा आइपुगेको छ भन्ने पूर्ण विवरण नै दिन्छ । नसर्ने भयावह मुटुरोग उपचारको यस कृतिमा युवा चिकित्सकहरू मिहेनती, इमान्दार र संघर्षशील बन्न क्याप्सुल नै भेट्छन् । रोग, उपचार र औषधि विज्ञानको चर्चासँगै अनेक रमाइला प्रसंगले अनेक अध्यायमा विभाजित भीमकाय कृति रोचक बनेको छ ।

कृतिमा नेपालमा आफ्नो बाल्यकाल, घरपरिवार, विद्यालय र विद्रोही कलेज जीवन तथा कडा मिहेनत र अनुशासनका बीच तत्कालीन सोभियत संघको राजधानी मस्कोस्थित प्याट्रिस लुमुम्बा विश्वविद्यालयमा उच्च शिक्षा अध्ययन गर्दाको विवरण तथा व्यावसायिक जीवनमा उत्रँदाका अनेक आयम उल्लेख छ । कार्डियोलोजीमा पोस्ट ग्र्याजुयट (पिजी) गरेका डा. उपाध्यायका मुख्य गुरु प्रा. इभगेनी चाजोभ थिए जो सोभियत कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा रुसी राष्ट्रपति तथा पार्टी महासचिव लियोनिद इल्यिच ब्रेजनेभका पनि चिकित्सक पनि थिए । लेखक नोबेल पुरस्कार विजेता (रक्तनलीमा जमेको रगत पगाल्ने विधिमा) चाजोभको आदेशानुसार नेपालको सिंहदरबार वैद्यखानाको सिलाजित रुस लैजान्थे जुन ब्रेजनेभ सेवन गर्थे । नेपालको त्यतिबेलाको सिलाजित मुटुरोगका लागि लाभदायी भएको चाजोभले लेखकलाई बताएका थिए । त्यतिबेलाको सोभियतकाल, नेपाली विद्यार्थीको स्थिति, अध्ययन गर्दाका रमाइला प्रसंग, नेपाली साहित्य, संस्कृति, कलाको पनि लेखकले चर्चा गरेका छन् ।

स्वदेश फर्किएपछि नेपालको पुरानो वीर अस्पतालमा वि.सं. २०३५ मंसिर २५ गतेदेखि जागिर खान थालेका डा. उपाध्यायले शाही चिकित्सक डा.मृगेन्द्रराज पाण्डेको एकाइअन्तर्गत बिरामीको मारामार भीड र हल्ला, गन्हाउने ओस भएको कोठा, बहिरंग विभागको लाममा बिरामी र चिकित्सकबाट चुरोट सेवनजस्तो स्थिति बेहोरेर कल्चरल सकका साथ काम सुरु गरे ।

रुसबाट मेडिसिनमा पिजी गरेर आउने पहिलो डा. उपाध्यायले त्यहीँ मधुमेह रोगको पनि उपचार गर्न थाले । उनकै सक्रियतामा वीर अस्पतालमा कार्डियोलोजी जनरल मेडिसिनबाट छुट्टिएर बेग्लै युनिट खडा भयो र मुटुरोगको उपचार व्यवस्थित हुन थाल्यो । वीर अस्पतालको मुटुरोग उपचार एकाइबाट नै नेपालमा खासगरी राजधानीमा यसको संस्थागत विकास सुरु भएको मान्न सकिन्छ । यसपछि ठमेल पोलिक्लिनिक, सिद्धि पोलिक्लिनिक (डिल्लीबजार), मेडिकल नर्सिङहोम प्रालि (पुतलीसडक, पछि मेडिकेयर नेसनल हस्पिटल एण्ड रिसर्च सेन्टर, नक्साल हुँदै चाबहिल), नेपाल हार्ट फाउन्डेसन (नेपाल हृदयरोग निवारण प्रतिष्ठान २०४५), नेपाल हार्ट नेट, नेपाल कार्डियाक सोसाइटी (वि.सं. २०५५) स्थापना भई बालहृदय बचाऊ कार्यक्रम पनि हुन थालेपछि नेपालमा मुटुरोगको उपचारमा गति लिन थाल्यो ।

तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी र स्वास्थ्य तथा श्रममन्त्री पद्मरत्न तुलाधारका पालामा नेपालमा मुटुरोगसम्बन्धी छुट्टै अस्पताल सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र २०५२ (पछि सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र) स्थापना र यसको सञ्चालनपछि त नेपाल मुटुरोगको उपचारमा विश्वकै अग्रणीमध्येकै एक मुलुक भयो । बाँसबारी छाला जुत्ता कारखानालाई सांसद निवास बनाउने सरकारको पूर्वयोजनाविपरीत त्यसलाई पहिलो मुटुरोग उपचार अस्पतालका रूपमा स्थापना गर्नमा सक्रिय डा. उपाध्याय, डा. सायमिसमेतले भोगेका राजनीतिकलगायत अनेक प्रशासनिक, कानुनी झमेलाको सविस्तार वर्णन पढ्दा पाठक नेपालको स्वास्थ्य क्षेत्रको कठिनाइबारे राम्ररी बुझ्न पाउँछ ।

तत्कालीन राजा वीरेन्द्रलाई हृदयाघात हुँदा रानी ऐश्वर्य र युवराज दीपेन्द्रले नारायणहिटीमा आफूलाई गरेको केरकार, वीर अस्पतालबाट सरुवा भई सैनिकको गाडीले किचेर बालकको मृत्युपछि भोगेको भीडयुक्त भक्तपुर अस्पताल, जताततै पान थुकिएको फोहोर-धुलो-माकुराको जालोयुक्त जनकपुर अस्पताल तथा त्यहाँको अपरेसन थियटरमै गाई पसेको घटना एवं त्यहाँ डाकाको सरदार र उनकी आमालाई गरिएको उपचार अनि उनीसँगको मित्रता, सर्पदंशको बिरामी उपचार गर्न लाग्दा गाग्रीमा ल्याइएको गोमनसँगको जम्काभेट, उदयपुर अस्पतालमा चितुवाले आक्रमण गरेकाहरूको आन्द्रासहितको शल्यक्रिया र अस्पतालमा खेती गरेर छोरीको विवाह गर्ने जिल्ला स्वास्थ्य सहायक प्रमुखसँगको सहकार्य, भुटानमा चिकित्सक जागिर छाडेर हिँडेको अवस्थाका अनेक रोचक कथा पढ्न भने चित्रसहितको ४५२ पृष्ठको ग्रन्थ आफैं पढ्नुपर्छ ।

'एउटा डाक्टरले कोसिस गर्‍यो भने जतिसुकै व्यवधान भए पनि काम गर्न सकिँदो रहेछ भन्ने मैले आफ्नो व्यावसायिक जीवनमा भोगेँ, अनुभूति गरेँ,' सायद यो नै यस कृतिको सार पनि हो । लेखकले मुटुरोगमा संलग्न आफ्ना अग्रज, समकालीन र आफूपछिका चिकित्सकको योगदान पनि कृतिमा उल्लेख गरेर आफूलाई कृतज्ञ बनाउने प्रयास गरेको छ । छयालिस सालको घटनामा घाइते सर्वसाधारण र प्रहरीको उपचार गर्दा खेपेको आरोप तथा सोही बखत उपचाररत जनआन्दोलनका कमाण्डर गणेशमान सिंहको वक्तव्य सार्वजनिक गर्न आफूले निर्वाह गरेको चर्चा पढ्दा लेखकको निष्पक्ष र प्रजातन्त्रवादी भूमिकाबारे ज्ञात हुन्छ । आफूभन्दा १५-१६ वर्ष कनिष्ठ (जुनियर) व्यक्ति सचिव भएर आए तर आफू १७ वर्षसम्म सहसचिव पदमा रहँदा पनि बढुवा हुन नसक्नाको मानसिक पीडा मुटुरोगका वरिष्ठ विशेषज्ञ लेखकले भोग्नुपर्दा र सामान खरिदमा लिइने कमिसनको खेलबारे पढ्नुपर्दा नेपाल स्वास्थ्य क्षेत्र राजनीतिबाट कति प्रताडित रहेछ, छर्लंग हुन्छ । मुटुरोगीको पुनःस्थापनाका लागि काम गर्न सरकारले नीति नै बनाउनुपर्ने भनी लेखकले सम्बन्धित निकाय र चिकित्सकहरूको ध्यानाकर्षण गराएका छन् ।

कृतिमा आफूसँग सम्बन्धित केही घटना र उपचारमा रहेका केही उच्च व्यक्तिको नाम भने उनले दिन सकेका छैनन्, जसले पाठकलाई ती व्यक्ति को थिए होलान् भन्ने खुलदुली भने लागिरहन्छ । धेरै व्यक्तिका नाम र केही प्रसंगमा सामान्य पुनरुक्ति र वर्णविन्यासका दोष पनि यसमा छ । संलग्न तस्बिरहरू समयक्रमानुसार छैनन् । सरकार, चिकित्सक र रोगी सबैका लागि कृति संग्रहणीय रहेकामा भने दुई मत नहोला । *रासस*




▶▶ वैकुण्ठ भण्डारी



# माल्दाइको खँदिलो भाषण

मुलुकमा भ्रष्टाचार बढ्दै गइरहेको छ । अन्याय बाढीले न्याय खोज्न हरेक नागरिक भौतारिनुपरेको छ । अनि न्यायालय राजनीति दलको पञ्जाबाट मुक्त नभएर नगदको अनुशरणमा रुमल्लिएका कारण जनताले अन्याय भोगिरहेका छन् । त्यो ध्रुवसत्य हो ।

त्यही ध्रुवसत्यलाई ओकल्दै माल्दाइको सुदूरपूर्वको खँदिलो भाषणले जनता 'कागलाई वेल पाक्यो हर्ष न बिस्मात्' जस्तै भएको छ । हुन पनि देशमा निकै ठूलो परिवर्तन भयो । उनका बाजेले आर्ज्याको भनिएको राजतन्त्रको लिंगो गर्ल्याम गुर्लुङ नै ढल्यो । २४० वर्षको विरासतालाई आफ्नै कर्मका कारण गुमाउन पुगेका माल्दाइ हावाहुण्डरीहरूको पैंचो खोज्दै छन् ।

छविलालको छायाँमा गिर्जाले माल्दाइको बाजेले थापेको पसल पनि भत्काइदिए । सायद माल्दाइले धर्म नासेकाहरूको संगत छाडेर ज्यूँ सरकारमा नअल्मिएको भए, आफैं प्रधानमन्त्री बन्ने चाहना नराखेको भए यतिखेर खँदिलो भाषण गर्न तातो घाममा राप्पिनु पनि पर्दैनथ्यो होला ।

हुन त कहिले काँही सानो भूलले गर्दा पनि ठूलो दुःख पाइन्छ । माल्दाइले त्यही सानो भूलले गर्दा राज्यको ठूलो शक्तिलाई निमिटचान्न पारेर बाउबाजेको नाकै काटे । वरपर रहेको स्वार्थी समूहलाई अंकमाल गर्दा काखमा बसेर छुरी रोपिरहेको पत्तै पाएनन् । पाउन् पनि कसरी विचरा ! जंगलमा लागेको आगो सहरसम्म आइपुगिसकेको थियो । राष्ट्रिय स्वार्थ र जनताको हितका लागिभन्दा पनि गणेश बनेर ठीक छ भन्दै उफ्रिने भ्यागुताहरूको चंगुलमा माल्दाइ एकपछि अर्को गर्दै फस्दै गए ।

अहिले माल्दाइलाई झिनो आशा छ । तल्लाघरे दाइ र माथ्लाँघरे च्याङ्बा मिलेर फेरि आफैंले काटेको बाउबाजेको नाक जोडिदिने हुन् कि ! १२ वर्षमा खोलो फर्कन्छ भन्थे बूढापाकाले, १६ वर्ष हुँदा पनि फर्कन सकेन ।

देशमा १२ भाइको चर्चा चलाउने फिरङ्गीदेखि जनतालाई अन्याय र अत्याचारको ताण्डव नृत्य देखाउने पाँचपाण्डवले लुट्नु लुटिसकेको छन् । त्यही भएर पनि माल्दाइको मन भत्भती पोलिरहेको छ । कुन दिनमा सर्लक्क छाडेर जंगलतिर छिर्ने भनेर । २१औं शताब्दीमा पनि ५८ तिर आधुनिक दासत्वमा रमाउने जनजनको भावनालाई कुठाराघात गर्दै बुझें र ठीक छ भन्दैमा ठीक नहुने रहेछ । मन जति जलाए पनि कसैले देख्ने रहेनछ । सायद माल्दाइलाई पनि अहिले त्यही भएको होला । आफ्नै स्वार्थमा लिप्त भएकाले आफूलाई सिध्याए भन्ने सायद बुझेका होलान् । राष्ट्र र राष्ट्रियताको जग बलियो बनाउनेलाई कसरी दासढुंगामा बगाउँछन् भन्ने मथिंगलमा स्मरण पनि भयो होला ।

त्यही भएर पनि आजकल माल्दाइ खुब खँदिलो नै कुरा गर्न थालेका छन् । आफैंले भोगेको कुरालाई स्मरण गर्दै तन, मन र धनमा लोभ्याएर सामाजिक संरचना च्यात्ने आफैंले गरेको प्रयास अहिले पाँचपाण्डवले सिको गरेपछि मन रुनु स्वाभाविक नै होला ।

सायद ढोके, द्वारे, हुक्केहरूको औंठाछापजस्तै नबनिदिएको भए । बाजेले आर्ज्याको मुलुकमा भाँडभैलो हुँदैनथ्यो होला पनि । हुन्छ, ठीक छ प्रसाद भएर हुँदो रहेनछ वास्तविकरूपमा नै परिवर्तन जनजनले आभाष गर्नुपर्ने रहेछ । त्यसका लागि पनि अहिले पाँचपाण्डवले कोरा, सतही खेल खेलिरहेको महसुस गरे छन् । आलटाल र टालटुल प्रणालीभित्र खँदिलो परिणाम देखेन छन् ।

'चार जात ३६ वर्णको फूलबारीमा घूस लिन्या र दिन्या दुवै देशका शत्रु हुन्' भन्ने आफ्ना बाजेको महावाणी सम्झिएर अहिलेको परिवारवाद, समूह गुट, उपगुट र मण्डले प्रवृत्तिमा चलिरहेको प्रणालीलाई वाण त ताकेका छन् । तर, माल्दाइको वाणले छुनेवाला छैन ।

फिरङ्गीहरूको चटकीमा परेर चटक नै हेर्ने हो भने त फरक कुरा अन्यथा माल्दाइले देखेको सपना पूरा हुन जनजनको मन जित्नुपर्ने देखिन्छ । त्यो सायद माल्दाइको भूमिकाबाट भन्दा पनि तल्लाघरे दाइ र माथ्लाँघरे च्याङ्बाको आशीर्वादले नै खेतमा कुलो लाग्ला !

हिजो बनाएको खेतको कुलो भत्किसकेको छ । कुलोको पानी हेर्न बनाएको छाप्रो पनि मक्किसकेको छ । भत्किएको कुलो बनाउन र मक्किएको छाप्रो बनाउनका लागि गाउँ छाडेर मुग्लानमा रगत पसिना बगाइरहेका अनागरिकहरूलाई नागरिक बनाउनुपर्ने छ ।

सायद बालुवाको देशमा रमाएका अनागरिकहरूलाई नागरिक बनाउन निकै कठिन होला । देशको माटो बेचेर समुद्रपारी रंगीविरंगी संसारमा रमाएकाहरूलाई हरिया डाँडाकाडामा ल्याउन पनि सकस होला । वृद्धवृद्धाको देश बनिसकेको छ । माल्दाइ जति नै खँदिलो कुरा गरेपनि माटोमा रमाउनेहरू भेटिन मुस्किल छ । पाखा पखेरा हाँस्ने पाउन पनि मुस्किल छ । सयपत्री फूलको वासना थाहा नपाउने कृत्रिम सयपत्रीमा रमाउनेहरूबाट के आशा गर्न सकिएला र ?

अब परिवारवादबाट के मुक्त हुन सक्ला र ? सुकिला मुकिलाहरूलाई मुक्त हुन को सक्ला र ? फिरङ्गीहरूको हरियो डलरमा देश नै बेच्न खोज्नेहरूलाई माल्दाइको खँदिलो भाषणले कहाँ घोच्ला ? कहाँ दुख्ला ? गुट उपगुट, स्वार्थी समूहबाट को टाढिएला ? सायद माल्दाइले पालित पोसित गरेकाहरू नै बेलाबेला भक्कानिने गर्दछन् । रुमल्लिने गर्दछन् । बोल्नेको पिठो विक्छ नबोल्नेको चामल पनि विक्दैन भन्ने उखानको चरितार्थ उनै माल्दाइले देखाइदिइसकेका छन् ।

सुदूरपूर्वी आधार मान्दै बाघको छालामा स्यालको रजाइँ गर्नेहरूको भ्रममा अहिले पनि माल्दाइ खँदिलो भाषण ठोकिरहेका छन् । भ्रमको भाषणले अनागरिकलाई नागरिक बनाउँदैन । नागरिक बन्नका लागि त जस्तोसुकै परिस्थितिमा पनि माटोको सुगन्धमा रमाउन सक्नुपर्दछ । माटोको स्पर्शलाई अनुभूति गर्न सक्नुपर्दछ । माटो बेच्नेहरूको लहैलहैमा लागेर नागरिक बन्न सकिने भए सायद पाँचपाण्डवहरूको ताण्डव नृत्यले देश अहिले भयावह अवस्था आउँदैनथ्यो होला । देशका कुनाकुनाबाट नांगो खुट्टा र भोको पेट लिएर न्याय खोज्दै माइतीघर धाउनु पर्दैनथ्यो होला । अब कुराको खेती छाडौं खेतीको कुरा गरौं । खँदिलो भाषण होइन दूरदर्शी ढंगले देशलाई आत्मनिर्भरतिर डोऱ्याऔं । झिनामसिना आए गुलेली खेलाए मटचाङ्ग्राको सत्यानाश ! भनेजस्तो नहोस् ।

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# गरिबका लागि बनाइएका घर प्रयोगविहीन

**देउखुरी–** दाङको बंगलाचुली गाउँपालिकाले विपन्न नागरिकलाई राहत दिन आवास निर्माण गरिदियो । पालिकाको वडा नं २, ५, ६ र ८ मा प्रतिघर १० लाख रूपैयाँको लागतमा ३० घर निर्माण भएका थिए ।

ती वडामा दुईकोठे घर निर्माण गरिए पनि ती घरमा अझैसम्म कोही पनि बस्न गएका छैनन् । वडा नं २ स्थित बढी पोखरामा छ घर र वडा नं ८ स्थित हाँसीपुरमा रहेको जंगलको डाँडामा छ घर निर्माण गरिए पनि ती घर खाली छन् ।

घर निर्माणपछि वडा कार्यालयले गरिब तथा असहाय परिवार पहिचान गऱ्यो तर पहिचान भएका कोही पनि ती घरमा बस्न जान इच्छुक भएनन् । पूर्ववडाध्यक्ष गिरिराज बाँठाका अनुसार सुरुमा स्थानीय दुई-तीन परिवार बस्न थालेका थिए तर पछि उनीहरूले पनि छाडेका हुन् । यी घर बनाइएको ठाउँमा कुनै व्यवसाय गरेर बस्न सकिने अवस्था छैन ।

नजिक मानवबस्ती नभएको थलोमा गएर कोही पनि बस्न राजी नभएका हुन् । 'गरिबका लागि भनेर बनाइएका घरका झ्यालढोका फुटेर जीर्ण छन्,' उनले भने, 'कोही पनि बस्न तयार नभएकाले घरहरू बेकम्माका बनेका छन् ।'

यसैगरी वडा नं ५ मा पनि बनाइएका १२ घरमध्ये चारवटा घरमा मात्रै मानिस बसेका छन् । त्यहाँका वडाध्यक्ष लिले घर्तीले भने, 'माथिल्लो भेग मानव बस्तीदेखि टाढा रहेका कारण बाँकी घरमा कोही बस्न नमानेको हुनसक्छ ।'

वडा नं ६ मा बनेका छ घरमध्ये तीनवटा प्रयोगमा आएका र बाँकी घर जीर्ण बन्दै गएका छन् । स्थानीयवासी भुवन केसीले भने, 'पालिकाले बनाएका घर बस्नयोग्य नभएकाले कोही बस्न राजी भएनन् ।' ती घरका लागि तीन करोड रूपैयाँ खर्च भएको थियो ।

ती ३० घरमध्ये प्रत्येक दुईवटा घरका लागि १५ वटा शौचालय पनि बनाइएको थियो । ती घर निर्माण गर्ने ठेक्का घोराहीस्थित माइन स्टोन कम्पनीले पाएको थियो ।

यसैबीच अघिल्लो नेतृत्वले बनाएका घरमा बस्न अहिलेको नेतृत्वले पनि गरिब परिवारलाई आह्वान गरिरहेको छ । 'बेसहारा तथा विपन्नलाई पालिकाले बनाएका घरमा बस्न आउनुस् भनिरहेका छौं,' पालिका अध्यक्ष तुलसीराम पुनले भने, 'रित्ता घरमा अहिलेसम्म कोही बस्न आएको अवस्था छैन । प्रयोगमा ल्याउन सके ठूलो रकम खर्चेर बनाइएको सार्वजनिक सम्पत्तिको उपयोग हुने थियो । घर नभएकालाई घरको व्यवस्था गरेका थियौं उहाँहरूले महत्त्व बुझ्न सक्नुभएन ।'

आर्थिक वर्ष २०७५/७६ मा नमूना बस्ती निर्माण योजनाअनुसार गरिब तथा असहाय परिवारका लागि घर बनाउन संघीय सरकारले दुई करोड रूपैयाँ दिएको थियो । गाउँपालिकाले एक करोड थपेर ती चारवटा वडामा दुई-दुई कोठे भूकम्पप्रतिरोधी घर बनाएको थियो । *रासस*

## मिटरब्याजपीडितको...

पृष्ठ १ बाट जारी

प्रतिवेदन पेस गर्ने समयावधि तोकिएको छ । प्रवक्ता शर्माले भनिन्, 'आयोगको क्षेत्राधिकारलाई ठोस र मूर्तरूपमा मिटरब्याजपीडितको समस्या पहिचान गर्न र वास्तविक पीडितको आधिकारिक आँकडा तत्कालै ल्याउनेगरी आयोगलाई अधिकार दिइएको छ ।'

उनले मिटरब्याजपीडितको समस्या समाधान गर्न आयोगको कार्यालय जनकपुरमै राखिने र अब मिटरब्याजपीडित काठमाडौंसम्म धाइरहनु नपर्ने प्रस्ट पारिन् । शनिबार उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा मिटरब्याजीले निरक्षर, गरिब तथा आर्थिकरूपले अप्ठेरो परिस्थितिमा रहेका व्यक्तिसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनदेनभन्दा बढीको तमसुक कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुश्चक्रमा फसाइ विभिन्न ढंगले शोषण गरेको भन्ने समस्या समाधानका लागि जाँचबुझ आयोग गठन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने दुवै पक्षबीच सहमति भएको थियो ।

साथै, मिटरब्याजपीडितका नियमितरूपमा आउने उजुरी वा गुनासो सम्बोधनका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गर्ने भनिएको थियो । त्यसैगरी मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको गत भदौ २७ को प्रतिवेदनमा उल्लेख भएका सिफारिसको शीघ्र एवं प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्ने सहमति भएको थियो । मिटरब्याजपीडित संघर्ष समितिको नेतृत्वमा मिटरब्याजपीडितले सहुलियत दरमा ऋणको व्यवस्था गर्नुपर्ने, मिटरब्याजीलाई कारबाही गर्नुपर्ने, मिटरब्याजविरुद्ध कानुन निर्माण गर्नुपर्ने, तमसुक व्यवस्था खारेज गर्नुपर्ने, झूठा मुद्दामा गिरफ्तार गरिएका पीडितलाई रिहा गर्नुपर्नेलगायत माग राख्दै आन्दोलन गर्दै आएका थिए । सोमबारको मन्त्रिपरिषद् बैठकले गृह मन्त्रालयअन्तर्गत शान्ति सुरक्षासम्बन्धी कार्यमा हुने खर्चसम्बन्धी कार्यविधि खारेज गर्ने निर्णय गरेको छ ।

## उपनिर्वाचनमा पर्यवेक्षक संस्थालाई आह्वान

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आगामी १० वैशाखमा हुन लागेको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संस्थालाई अनुमतिका लागि निवेदन माग गरेको छ ।

आयोगले सोमबार सूचना प्रकाशन गरी पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संस्थालाई आवश्यक कागजातसहित निवेदन दिन आग्रह गरेको हो । निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ को अनुसूची २ बमोजिमको तोकिएको ढाँचामा सात दिनभित्र निवेदन दिन आग्रह गरिएको हो । उपनिर्वाचनका लागि सोमबार उम्मेदवारको मनोनयनपत्र दर्ता सम्पन्न भएको छ ।

आयोगको निर्णयबमोजिम चितवन निर्वाचन-२, तनहुँ-१ र बारा-२ को उपनिर्वाचनमा हुन लागेको हो ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MF INTERNATIONAL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१८ LT. No. 283801 चलानी नं.६०११९३४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मतिः २०७९ चैत २८ गते (11th. Apr 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

